# जोरायल गाउँपालिका
**(Jorayal Rural Municipality)**
## गाउँ कार्यपालिकाको कार्यालय, डोटी
**(OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE)**
**DOTI**

प.सं. २०७८/०७९
सूचना नं. ४२

रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

## रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना
**(प्रथम पटक प्रकाशित मितिः २०७८।११।०१)**

यस गाउँपालिकामा संचालित रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार सहायक १ (एक) पद खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्तिका लागि निन बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०८-२०७८/०७९ | रोजगार सहायक | स्थानीय सेवाको पाँचौं तह सरह | १ |

**१. आवश्यक न्युनतम योग्यता र अनुभवः**

(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको,

(ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको,

(ग) आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।

**२. दरखास्त दिने स्थानः** जोरायल गाउँपालिकाको कार्यालय, रावतकट्टे, डोटी ।

**३. दरखास्त दिने अन्तिम मितिः** २०७८।११।१५ गते कार्यालय समय भित्र ।

**४. आवेदन दस्तुरः** रु. ५००/- (पाँच सय मात्र) ।

**५. छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूचि प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा।

**६. आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपिहरुः

- नागरिकता
- न्यूनतम योग्यताको लब्धाङ्क पत्र
- चारित्रिक प्रमाणपत्र
- अनुभव भए सोको कागजातहरु
- २ प्रति पासपोर्ट फोटो ।

**७.सेवा सुविधा तथा अन्यः** स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

**<u>नोटः</u> आवेदनको ढाँचा र रोजगार सहायक पदको कार्य विवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी यस गाउँपालिकाको वेभसाइट** www.jorayalmun.gov.np **बाट उपलब्ध हुनेछ ।**

२०७८।११।१

.....................
प्रमुख प्रशासकीय अधिकृत

नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत